# मकवानपुर जिल्ला अदालत
## हेटौंडा

email:-info.dcmakawanpur@supremecourt.gov.np
फोन नं. ०५७-५२४९७०

प.सं.-०८०/०८१
च.नं.-०१-

मिति:- २०८०/१२/१३

### चमेनागृह संचालन सम्बन्धी गोप्य सिलवन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना

यस अदालत परिसरमा रहेको चमेनागृहमा यस अदालतमा कार्यरत माननीय न्यायाधीशज्युहरु, कर्मचारीहरु, कानून व्यवसायीहरु, सुरक्षाकर्मीहरु र काम विशेषले अदालतमा आउने सेवाग्राहीहरु स्वंमले भुक्तानी गर्ने गरी तपशिल बमोजिमको शर्तको अधीनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति वा फर्मले यही मिति २०८०/१२/१९ गते सोमवारसम्ममा कार्यालय समय भित्र संलग्न खाजा/खानाको परिकार र इकाइ अनुसारको वस्तु तथा सेवा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको विवरण उल्लेख गरी गोप्य सिलवन्दी दरभाउ-पत्र खामवन्दी गरी यस अदालतको प्रशासन शाखामा पेश गर्नुहुन सूचित गरिन्छ। प्राप्त दरभाउ-पत्र मिति २०८०/१२/२० गते दिनको २ बजे यस अदालतमा खोलिनेछ।

**तपसिल**

१. चमेनागृह संचालन रहने भवन प्रयोग गरे वापत कुनै शुल्क / भाडा तिर्नु नपर्ने।
२. अदालत र संचालक बीच सम्झौता गर्नु अघि संचालकले रु.१,००,०००/- (एक लाख मात्र) धरौटी राख्नुपर्ने।
३. पिउने र पकाउने शुद्ध पानीको व्यवस्था संचालकले नै गर्नुपर्नेछ।
४. चमेनागृहको लागि आवश्यक पर्ने कुर्सी, टेवल र अन्य भाडावर्तन संचालक स्वंयले व्यवस्थापन गर्नुपर्नेछ।
५. चमेनागृहवाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एंव चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पुर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै वखत सम्झौताको शर्त बमोजिम आवश्यक कारवाही गर्न सक्ने।
६. खामवन्दी दररेट साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि र संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र र प्यान नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
७. विद्युत महसुल र अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिमको हुनेछ।
८. रितपूर्वक प्राप्त नभएको दरभाउ-पत्र रद्द गरिनेछ र दरभाउ-पत्र स्वीकृत वा अस्विकृत गर्ने अन्तिम अधिकार यस अदालतमा निहित रहनेछ।
९. चमेनागृहवाट उपलब्ध गराउनुपर्ने न्यूनतम खाजा खानाको परिकारको सूची दरभाउ-पत्रमा उल्लेख गरिएको छ। दरभाउ-पत्र अदालतको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२०८०/१२/१३

लेखनाथ पौडेल
स्रेस्तेदार

CamScanner